# V-2 साइकल

## 1. साइकल किन्दा

साइकल स्टोर र होम केन्द्रहरूमा साइकल किन्न सकिन्छ। साइकल किन्दा, किन्नु भएको स्टोरमा तपाईंले सुरक्षाका लागि साइकल दर्ता गर्नुपर्नेछ। सुरक्षा दर्ता शुल्क प्रति साइकल 600 येन पर्छ।

## 2. साइकल राख्ने/पर्किङ्ग गर्ने तरिका

साइकल पार्किंग गर्दा बाटो हिड्ने मानिस लाई हिड्न आप्ठेरो नपर्ने तरिकाले पार्किंग गर्नुहोस। बिशेषगरि रेलको स्टेशन नजिक सकिल पार्किंग गर्न नमिल्ने ठाउँ मा नगर्नु होला। त्यस्तो ठाउमा पार्किंग गर्दा बुजुग व्यक्ति या आखा नदेख्ने व्यक्ति लाई स्टेशन प्रयोग मा असुविधा पुग्छ। यदि साइकल गलत ठाउँ मा पार्किंग गर्नु भएको छ भने तपाइको साइकल त्यहाँ बाट उठाई, सुरक्षित ठाउँ मा सार्ने संभावना हुन्छ। यस्तो अवस्थामा तपाइले साइकल सुरक्षित ठाउँमा सार्दा अनि राख्दा लागेको सुल्क तिर्नु पर्ने हुन्छ। अन्येथा साइकल जफत हुनेछ। साइकल सुरक्षित ठाउँमा सारेपछि निश्चित अबधि सम्ममात्र त्यहाँ राखिने हुदा समयमा नै सुल्क तिरी साइकल फिर्ता ल्याउनु होला। साइकल राखिएको ठाउँ, समय, साइकल फिर्ता लिने ठाउँ, लाग्ने शुल्क, समयको बारेमा आफ्नो नगरपालिका कार्यलय मा बुझ्नु होला।

## 3. साइकल चोरी हुँदा

यदि साइकल चोरी भयो भने नजिकै को प्रहरी कार्यलय मा सम्पर्क गरि रिपोर्ट लेखाउनु होला। तपाइको साइकल भेटिएको खण्डमा प्रहरी कर्यलाय बाट तपाईलाई खबर गरिने छ। आफ्नो साइकलमा नाम र ठेगाना लेख्ने बानी बसालौं।

## 4. साइकल नलिनुहोस्

यदि साइकल बाटो मा फ्याकिएको अवस्थामा भेट्नु भयो भने पनि नउठाउनु होला। त्यो साइकल चोरी को हुन सक्छ। यदि त्यो चोरी भएको साइकल हो र तपाइले प्रयोग गर्नु भको छ भने प्रहरीले तपाइलाई सोधपुछ गर्ने संभवाना रहने हुदा सतर्क रहनु होला।

## 5. यातायात नियमहरू

नियमको हिसाबले साइकल बाटोमा मात्र चलाउन मिल्छ। बाटोको देब्रे साइड मा साइकल चलाउनु होला । गाडी जस्तै साइकलले पनि ट्राफिक लाइट फलो गर्नु पर्छ। अल्कोहल लिएको बेला र एउटा साइकल मा दुइजना सवार हुन मनाही छ। तर छ वर्ष भन्दा तलको बच्चालाई १६ वर्ष भन्दा बढीको मानिसले बच्चा को सिट राखेर सवार हुन भन्ने मिल्नेछ। साइकल चलाउन मिल्ने साइन भएको ठाउमा मात्र साइकल च लाउनु होला। कुनै कुनै बाटो हिड्ने मानिसको लागि मात्र भनेर छुट्टाईएको हुन्छ। यदि गाडी हिड्ने बाटो खतारनक छ भने सिमित मात्रामा मात्र त्यस्तो बाटो प्रयोग गर्नु होला। तौस्तो बेला बाटो हिड्ने मानिसलाई अप्ठेरो नपर्ने गरि हिड्नु होला।यदि बाटो हिड्ने मानिसलाई अप्ठेरो पर्ने अवस्था आयो भने केहि छिन साइकल रोकनुहोस या साइकल लाई हातले डोराउनुहोस्। 2016 साल 7 महिना1 गते बाट ओसाका प्रान्तमा साइकल चलाउने ब्यक्ति अनिबार्य साइकल क्षति बिमा गराउन पर्ने छ।